# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २६ गते २०२४ साल

श्री ५ को सरकार

स्वास्थ्य–मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अक्जुलरी हेल्थ वर्क्स स्कूलको छात्रावास बनाउनको लागि निम्न लिखित जग्गा तथा सो जग्गामा रहेको घरसमेत प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा तथा घरधनीले घर जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐनबमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छः–

का. ई. महाराजगञ्जबाट बुढानीलकण्ठ जाने सडकदेखि पूर्व, रेणु राणाको जग्गा देखि पश्चिम, कान्ति अस्पताल जाने बाटो देखि दक्षिण, चिनीमाया महर्जनीको जग्गा तथा श्यामलाल श्रेष्ठको जग्गा देखि उत्तर यती ४ किल्ला भित्रको मालपोत रु. ५४।७१, लागेको जम्मा जग्गा २४॥।–।॥ चौवीस रोपनी तेन्हआना तीन पैसाको कित्ता १७.

खण्ड १४ मिति २०२१।६।१४ संख्या ३७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित जग्गा प्राप्ति सम्बन्धी यस मन्त्रालयको सूचनालाई खारेज गरिएको छ ।

आज्ञाले–
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

29C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।